गाउँकार्यपालिकाबाट स्वीकृत मिति २०७४।१०।१९

# विपन्न जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४

## मालिका गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## अर्खावाङ्ग गुल्मी

# जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४

नेपालको संविधानको धारा ३७ को आवासको हक तथा धारा ४२ उपधारा (२)र (५) मा आर्थिक रुपले विपन्न लोपोन्मुख समुदाय, द्वन्द्ध पिडीत, शहिद तथा घाइतेहरुको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा प्राथमिकता पाउने हक हुने व्यवस्था भएकाले यस गाउँपालिका अन्तरगतका दलित, जनजाती, अल्पसंख्यक, एकल महिला, आर्थिक रुपमा अति विपन्न वर्गहरुलाई सुरक्षित आवासको लागि खरका छाना भएका घरहरुमा जस्तापाताका छाना लगाउने व्यवस्था गर्न आ.व. २०७४।०७५ को गाउँ सभाबाट स्वीकृत बजेट तथा कार्यक्रमलाई कार्यान्वयन गर्न मालिका गाउँ कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम “जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४” रहेको छ ।

(२) यो कार्यविधि मालिका गाउँ कार्यपालिकाबाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “गाउँ सभा” भन्नाले मालिका गाउँसभा सम्झनु पर्दछ ।

(ख) “कार्यपालिका” भन्नाले मालिका गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(ग) “समन्वय, सहजीकरण तथा अनुगमन समिति” भन्नाले दफा १० को उपदफा (१) बमोजिम गठन भएको समिति सम्झनु पर्दछ ।

(घ) “जनता आवास कार्यक्रम” भन्नाले यस कार्यक्रम कार्यान्वयनका लागि छनौट भएका लाभग्राहीका घरमा जस्ता पाता लगाउने कार्य सम्झनु पर्दछ ।

(ङ) “लाभग्राही” भन्नाले दफा ४ बमोजिम छनौट भएको लाभग्राही घरधनी सम्झनु पर्दछ ।

## परिच्छेद २

## लाभग्राहीको पहिचान र तथ्यांक संकलन

**३.** **लाभग्राहीको पहिचान :** (१) लाभग्राही वर्गको पहिचान देहायका आधारमा गरिने छ :-

(क) विगत देखी सो स्थानमा बसोबास गर्दै आएको प्रमाण ।

(ख) जग्गाधनी प्रमाण पुर्जा वा विगत देखी बसोवास गर्दै आएको भन्ने वडा कार्यालयको सिफारिस ।

(ग) लाभ्रग्राही बसोबास गर्दै आएको घरको भौतिक अवस्था ।

(२) उपदफा (१) बमोजिम पहिचान भएका लाभग्राहीहरुको लगत सम्बन्धित वडा कार्यालय मार्फत संकलन गरिने छ ।

**४.** **लाभग्राही छनौटका आधार :** (१) लाभग्राही छनौट गाउँ कार्यपालिकाको कार्यालयले गर्ने छ ।

(२) लाभग्राही छनौट गर्ने प्रयोजनका लागि लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल, भुइँ, गारो तथा छानाको साइज तयारी गरिने छ ।

(३) लाभग्राही छनौट गर्दा दलित, अल्पसंख्यक, जनजाती, एकल महिला, अनाथ तथा बालबालिका, अपांगता भएका व्यक्ति, आर्थिक रुपले अति विपन्न, शहिद परिवारहरुलाई पहिलो प्राथमिकता दिइनेछ ।

(४) सगोलमा रहेका परिवारले एक घरका लागि मात्र सुविधा पाउने छन् ।

**५.** **कार्यक्रम कार्यान्वयन स्थल :** (१) मालिका गाउँपालिका भित्रका दफा (४) उपदफा (१) बमोजिम कार्यपालिकाले छनौट गरेका लाभग्राहीका घरहरुमा कार्यान्वयन गरिनेछ ।

## परिच्छेद २

## बजेट व्यवस्था, गुणस्तर र खरिद प्रक्रिया

**६.** **बजेट व्यवस्था :** (१) जनता आवास शीर्षकमा गाउँ सभाबाट स्वीकृत बजेट गाउँ कार्यपालिकाले उपलब्ध गराउने छ ।

**७.** **गुणस्तर :** (१) जस्तापाताको गुणस्तर रंगिन २६ गेज मिडियम ०.३८ एम एम वा सो सरहको हुनेछ ।

(२) लाभग्राहीलाई जस्ता पाता वितरण गर्दा प्रति घर अधिकतम २२.५×१३.५ फिट र न्युनतम प्राविधिक मुल्यांकनका आधारमा वितरण गरिने छ ।

(३) दफा (४) अनुसार लाभ्राही छनौट गरिसकेपछि गाउँ कार्यपालिकाले स्वीकृत बजेट अन्तरगत रही एकमुष्ट रुपमा जस्ता पाता खरिद गरिनेछ ।

८. **लागत सहभागीता र व्यवस्थापन :** (१) लाभग्राहीले जस्तापाता प्राप्त गर्नु अगावै घरमा जस्ता पाता लगाउन आवश्यक निर्माणको कार्य पुरा गरिसक्नु पर्नेछ ।

(२) जस्तापाता प्राप्त गरिसकेपछि छाउने लगायत घरको सम्भार गर्ने जिम्मेवारी लाभग्राहीको हुनेछ ।

९. **कार्यक्रम कार्यान्वयन :** (१) लाभग्राहीलाई जस्तापाता उपलब्ध गराउँदा देहायका प्रक्रिया पुरा गरेको हुनुपर्नेछ :-

(क) घरमा जस्तापाता लगाउन तयार भएको प्राविधिकको मुल्यांकन सहितको सिफारिस

(ख) लाभग्राहीको नागरिकताको प्रतिलिपी

(ग) जग्गा धनी प्रमाण पूर्जा

(घ) स्थायी बसोवास भएको वडा कार्यालयको सिफारिस

(ङ) अनुसूची १ बमोजिमको निवेदन

(२) उपदफा (१) बमोजिमको प्रक्रिया पुरा गरिसकेपछि दफा (१०) अनुसार गठित समितिको निर्णय अनुसार लाभग्राहीलाई जस्तापाता उपलब्ध गराइने छ ।

## परिच्छेद ४

## समिति सम्बन्धी

१०. **समन्वय, सहजीकरण, अनुगमन समिति :**(१) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक व्यवस्था तथा समन्वय गर्न देहाय बमोजिमको समिति रहनेछ :-

| | |
|---|---|
| (क) गाउँ पालिकाका अध्यक्ष | संयोजक |
| (ख) गाउँ पालिकाका उपाध्यक्ष | सदस्य |

(ग) सम्पूर्ण वडा अध्यक्ष सदस्य

(घ) कार्यपालिकाका महिला सदस्य १ जना सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

११. **समितिको काम, कर्तव्य र अधिकार :** समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक नीतिगत व्यवस्था व्यवस्था गर्ने ।
(ख) कार्यक्रम कार्यान्वयनको लागि आवश्यक समन्वय गर्न वडा कार्यालयहरुलाई आवश्यक निर्देशन दिने ।
(ग) छनौट भएका लाभग्राहीलाई जस्तापाता उपलब्ध गराउने ।
(घ) कार्यक्रमको प्रगति समीक्षा गर्ने ।
(ङ) कार्यक्रम कार्यान्वयनको क्रममा आइ पर्ने बाधा अड्चन फुकाउने ।
(च) कार्यक्रमको अनुगमन मुल्यांकन गरी गाउँ कार्यपालिकालाई पृष्ठ पोषण दिने ।

१२. **बैठक सम्बन्धी कार्यविधि :** (१) समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ६
## विविध

१३. **निर्देशन पालना गर्नुपर्ने :** गाउँ कार्यपालिकाले समन्वय, सहजीकरण, अनुगमन समिति कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन समितिले पालन गर्नु पर्नेछ ।

१४. **विवादको समाधान :** कार्यक्रम कार्यान्वयनको सिलसिलामा कुनै विवाद उत्पन्न भएमा समन्वय, सहजिकरण तथा अनुगमन समितिबाट दिएको निर्देशन अन्तिम हुनेछ ।

१५. **फरफारक :** लाभग्राहीले कुनै कारणवस पुरा काम नगरी बीचमै छोडेमा गरेको कामको खर्च फरफारक गरिनेछैन ।

१६. **बेच बिखन गर्न नपाउने :** लाभग्राहीले आवास निर्माण सम्पन्न गरे पश्चात ३ वर्ष सम्म बेचविखन गर्न पाउने छैन ।

१७. **सुविधा नपाउने** : यस कार्यविधि बमोजिम एक पटक सुविधा प्राप्त गरिसकेका लाभग्राहीले पुन आवास सुविधा पाउने छैन ।

१८. **प्रचलित कानून बमोजिम हुने** : यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची - १

(दफा ९ संग सम्बन्धित)

## लाभग्राहीले दिने निवेदनको ढाँचा

श्रीमान् ....................................ज्यू
.......................................................
..................................., गुल्मी ।

विषय : जनता आवासको जस्तापाता उपलब्ध गराउनुहुन ।

म ............................गाउँपालिका ......................वडा नं.: ..............टोल निवासी

नाम, थरः ..........................................जनता आवास कार्यक्रमको लाभग्राहीमा छनौट भएको हुँदा मेरो

कित्ता नं.:...........................घरको क्षेत्रफलः ......................................मा रहेको घरमा जस्तापाता लगाउने सम्पूर्ण कार्य सम्पन्न गरेको हुँदा प्राविधिक मूल्यांकन बमोजिमको जस्तापाता उपलब्ध गराउनु हुन निवदेन गर्दछु ।

**निवेदक**

नाम थरः ....................................

ठेगानाः.......................................

सम्पर्क नं.:...................................

हस्ताक्षरः.........................